# सार्वजनिक सूचना तथा जानकारी

## के तपाई हामीले अपाङ्गता भएका व्यक्तिहरूलाई सही शब्दले सम्बोधन गरिरहेका छौं ।

| गलत शब्दहरू | सही शब्दहरू |
|---|---|
| लुलो/लङ्गडो/पुड्को | शारीरिक अपाङ |
| अन्धा/काना | दृष्टिविहिन/अल्पदृष्टियुक्त |
| लाटा/लाटी | बहिरा/सुस्तश्रवण |
| लठेब्रो/गोज्याङ्ग्रो/सुस्त मनस्थिति | बौद्धिक अपाङ |
| पागल/बौलाहा | मानसिक अपाङ |
| हकला | भकभके |

**कतै तपाई हामीले अपाङ्गहरूलाई उपमा बनाएर**

**( ............... बहिरो जस्तो/.............. अन्धो ............... अपाङ्ग जस्तो) गलत**

**कुराहरूसँग त दाँजिरहेका छैनौं ? यसो गर्नु अपाङ्गता भएका व्यक्तिहरूलाई विभद गर्नु हो**

# गल्छी गाउँपालिकाद्धारा जनहितमा जारी सन्देश

# गल्छी गाउँ कार्यपालिकाको गाउँवासीहरूमा अनुरोध

- गाउँपालिका क्षेत्र भित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं ।
- सडक अधिकार क्षेत्र, खोला र पैनी जस्ता सार्वजनिक स्थान मिचेर कुनैपति संरचना निर्माण नगरौं । साथै सडक किनारमा व्यापार व्यवसायन नगरौं ।
- अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनैपनि व्यक्तिगत प्रयोजनका सामान नराखौं ।
- गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार व्यवसाय गर्दा गाउँपालिकामा दर्ता गरेर मात्र गरौं ।
- गाउँपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर, व्यवसाय कर समयमै बुझाऔं ।
- जन्म, मृत्यु, विवाह, बसाई सराई, लगायतका व्यक्तिगत घटना, सम्बन्धित घटना भएको मितिले ३५ दिन भित्रै आफ्नो वडा कार्यालयमा दर्ता गराऔं ।
- उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं । विद्यालय जाने उमेर भएका सबै बाबु नानीहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं । छोरा र छोरीमा भेदभाव नगरौं ।
- होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा बनेचौं । उपभोक्ताको स्वस्थ्यमा ख्याल गरौं ।
- नवजात शिशुलाई नजिकको स्वास्थ्य संस्थामा लगि ९ महिना भित्र लगाउनु पर्ने तोकिए अनुसारका सबै खोप नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थल तथा सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

**गल्छी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बैरेनी, धादिङ**

# गल्छी गाउँपालिकाको परिचय




धादिङ जिल्लामा अवस्थित गल्छी गाउँपालिका नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरुको पुन:संरचनाको लागि गठन गरेको उच्च स्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकार लाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय अनुसार नेपालको धादिङ जिल्लाको साविकका गाविस कल्लेरी (सबै), बैरेनी (सबै) र गोगनपानी (१,२,३,४ र ९) गरी तीन वटा गाविसलाई समायोजन गरी गल्छी गाउँपालिका गठन गरीएको छ । उक्त गाउपालिका लाई हाल ८ वटा वडामा विभाजन गरिएको छ ।

यस गाउँपालिकाको नाम ''गल्छी'' कसरी रहन गयो भन्ने प्रसङ्गमा राणाकालिन समयमा श्री ३ महाराज जंङ्ग वहदुर राणा प्रधानमन्त्रीले आफ्नो कार्यकालमा सेना परिचालन गरी धादिङ्ग जिल्लाको महेश खोलालाई गल र छिनोले काटेर खोलालाई अर्को क्षेत्रवाट वगाई साविकको खोला वगेको ठाउँमा वस्ती वसाएको हुँदा त्यस ठाउँको नाम गल्छी रहन गएको भनाई रहेको छ । त्यसै नामवाट नै यस गाउँपालिकाको नाम गल्छी गाउँपालिका राखिएको हो । नेपाल सरकारले धादिङको बैरेनी र गल्छीलाई मध्य पहाडीलोक मार्गका प्रमुख १० शहरहरु मध्येको एक शहरको रुपमा छनोट गरेको र नेपाल सरकारले प्राथमिकताको आयोजना मध्येको शहरी विकास योजना भएकोले बैरेनी गल्छीलाई जिल्लाकै प्रमुख बजार र व्यापारिक केन्द्र बन्ने सूचीमा राखेको छ ।

गल्छी गाउँपालिकाको जम्मा क्षेत्रफल १२९.०८ वर्ग किलोमिटर रहेको छ । पूर्वमा थाक्रे गा.पा.र नुवाकोट जिल्ला, पश्चिममा गजुरी र सिद्धलेक गा.पा., उत्तरमा निलकण्ठ न.पा. र नुवाकोट जिल्ला तथा दक्षिणमा गजुरी, थाक्रे गा.पा. र मकवानपुर जिल्ला पर्दछ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी ५८४९ र जम्मा जनसंख्या २७७८४ मध्ये पुरुष १४३९९ र महिला १३३८५ रहेको छ ।

## वडा विभाजन

| | |
|---|---|
| १ (कल्लेरी १,२,३) | २ (कल्लेरी ४,५,६) |
| ३ (कल्लेरी ७,८,९) | ४ (बैरेनी १,७,३) |
| ५ (बैरेनी २,४,५,६) | ६ (बैरेनी ९) |
| ७ (बैरेनी ८) | ६ (गोगनपानी १,२,३,४,९) |

## जलवायु

यस गाउँपालिकामा उष्ण, समशितोष्ण र शितोष्ण हावापानी पाईन्छ । यहाँको तल्लो भागमा  ग्रीष्ममा धेरै गर्मी हुने गर्दछ । यहाँको अधिकतम तापक्रम गर्मी सिजनमा ३० डिग्री भन्दा माथी हिउँदमा १० डिग्री सम्म हुने गर्दछ । प्रमुख जातजातिहरु यस गाउँपालिका भित्र वसोवास गर्ने स्थानीयवासी विभिन्न जातजातिहरुको भएतापनि एकसमानको सौ

हृद्रापूर्ण बसोवास रहेको पाईन्छ । राष्ट्रिय जनगणना २०६८ तथ्याङ्कलाई नियाल्दा यस गाउँपालिकामा बसोवास गर्ने प्रमुख जातजातिहरुमा तामाङ्ग, ब्राम्हण, क्षेत्री, मगर, सार्की, कामी, घर्ती, दमाई लगायतका रहेका छन ।

## प्रमुख मातृ भाषा

कुनै पनि व्यक्तिले आफ्नो जन्मपछि परिवारमा सबैभन्दा पहिले बोल्न सिकेको भाषालाई मातृ भाषा भनिन्छ । यहाँ वोलिने विभिन्न जातजातिहरुको भाषा तामाङ्ग, नेपाली, मगर अन्य आदि रहेका छन ।

## धर्म

यस गाउँपालिका भित्र वसोवास गर्ने स्थानीयवासी विभिन्न जातजातिहरुको एक समानको सौहद्रापूर्ण बसोवास रहेता पनि यिनीहरुको आ–आफ्नै किसिमको धर्म तथा संस्कृती रहेका छन । यहाँ धेरैजसो हिन्दु धर्मावलम्वीहरु रहेका छन भने केहि किरात, बुद्ध, क्रिश्चियन आदि धर्म मान्ने व्यक्तिहरु पनि रहेका छन ।

## संस्कार

जातिगत र साँस्कृतिक विविधता रहेको यस गाउँपालिकाका वासिन्दाहरुको आ–अफनै किसमको सामाजिक संस्कार रहेको छ । यस गाउँपालिकामा धेरै हिन्दु धर्म मान्नेको वाहुलियता बढि भएकोले यिनीहरुले गर्ने प्रमुख संस्कार कुल पुजा, गोठ पुजा, वर्तमान, विवहा, काजकृया, वार्षिक काम, न्वारन, तिथी सराद्ध, सोह्रस्राद्ध औंशि, पूर्णीमा, सक्रान्ती, मसान्ता, सत्यनाराण्यणको पुजा, एकाह, होमहोमदी, यज्ञ, सप्ताह, रुद्रीपाठ, मलमास, सूर्य ग्रहण, चन्द्रग्रहण, आदि रहेका छन ।

## चाडपर्वहरू

प्रमुख चाडपर्व तथा मेलाहरुमा विजयादशमी, दिपावली, नौरथा, घटस्थापना, सोह्र स्राद्ध,  रामनवमी, माघेसक्रान्ती, साउने सक्रान्ती, तिज, जनैपूर्णीमा, कृष्ण जन्माष्टमी, फागुपैर्णीमा, बुद्धपूर्णीमा, ल्होछार तमु ल्होछार, क्रिसमस–डे, आदि यहाँका प्रमुख चाडपर्वहरु हुन ।

## सामाजिक वातावरण

यस गाउँपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएको मानिसको वसोवास रहेतापनि जातिय एवं भाषिक सौहर्दतापूर्ण बसोवास रहेको छ । मर्दा, पर्दा, विभिन्न चाडपर्वमा एक अर्काको (विविध धर्मावलम्वी) वीच सहयोग आदान प्रदान हुने गर्दछ । त्यसैले त्याहाको सामाजिक वातावरण मेलमिलापुर्ण रहेको छ ।

# गल्छी गाउँपालिकाको आर्थिक बर्ष २०७७/७८ का लागि नीति तथा कार्यक्रम

आर्थिक, सामाजिक सास्कृतिक बिकासका उदेश्य, लक्ष्य, रणनीति र कार्यनीति सहित स्पष्ट खाका निर्धारण गर्दै गल्छी गाउँपालिकालाई सम्वृद्ध र सुखी गाउँपालिका बनाउने सुखद सन्दर्भमा आज यस गरिमामय सभालाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त: खुशी लागेको छ ।

राष्ट्रलाई निरंकुश सामन्ती शासन प्राणालीको अँध्यारो युगबाट जनताका प्रतिनिधिमार्फत  राज्य संचालन गर्ने  संघीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुर्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिद प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एबम् स्वाभिमान लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु, नेपाली समाजको रुपान्तरणमा उंहाहरुले पुर्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

यसै सन्दर्भमा सडक दुर्घटनामा परि उपचार्थ यस सभाका सदस्य एबम् गल्छी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री पूर्ण प्रसाद खतिवडाज्यूको सिघ्र स्वास्थलाभको कामना समेत गर्न चाहन्छु । साथै सम्वृद्ध र सुखी गाउँपालिका बनाउने तपाइँ हाम्रो अभियानमा केहि दिनको उपचारार्थ बिश्राम पछी अझ जोस र जाँगर सहित प्रस्तुत हुनु हुनेछ भन्ने बिश्वास समेत लिगेको छु ।

गत बर्ष २०७६ असार २४ गते गल्छी गाउँपालिकाको चौथो गाउँसभाको सम्बोधन मार्फत गाउँपालिकाको चालू आ.व. का कार्यदिशा प्रश्तुत भएको थियो । नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरि तथ्य र तथ्यांकमा नतिजा ल्याउने संकल्प गरिएको थियो । यिनै कार्यभार पूरा गर्न गल्छी गाउँपालिका तदरुपताका साथ काम गर्दैछ, नतिजा ल्याउँदैछ र अघि बढ्दैछ ।

यस अबधिमा जनतासंग प्रत्यक्ष सरोकार राख्ने योजना तथा कार्यक्रमको कार्यन्वयन, यस अघि भएका  उपलब्धिहरुलाई संस्थागत गर्ने, दलित तथा पिछडिएका वर्गलाई विशेष प्राथमिकतामा राखी जनसहभागिता सहितको योजना कार्यन्वयन कार्य तिब्र पारिएको छ । सहि ढंगले कार्यक्रम लागू गर्न र समान ब्यवहार सहित सबै गल्छी बासिको हक सुरक्षित गर्न कानुन, कार्यबिधि तथा मापदण्ड बनाई कानुन सम्बत एकरुप कार्यन्वयनलाई जोड दिईएको छ ।

बिकास सम्भव छ हाम्रै पालामा भन्ने राष्ट्रिय संकल्पलाई गाउँपालिका स्तरमा पनि पुरा गर्न भौतीक पूर्वाधारको बिस्तार र गुणस्तर, सामाजिक तथा स्वास्थ्य क्षेत्रमा पूर्वाधार निर्माण लगायत थुप्रै कार्यक्रम सम्पन्न भएका छन् । आजका दिनसम्म गाउँपालिका भित्रका सबै नागरिकहरुले आफ्नो आफ्नो वडामा संचालित स्वास्थ्य चौकी वा स्वास्थ्य सेवा ईकाईबाट सेवा लिन सक्ने ब्यबस्था मिलाईएको छ । बढीमा १० मिनेटको समयमा गाउँ टोल बाट सडकसम्म पुग्ने ब्यबस्था मिलाईएको छ । केहि ठुला निर्माणधिन खानेपानि योजना बाहेक सबै क्षेत्रमा सुलभ तरिकाले खानेपानिको ब्यबस्था मिलाईसकिएको छ साथै दलाँग र चुलीमा बिकास साझेदारी संस्थाहरुको सहयोगमा खानेपानि निर्माण कार्य आगामी आ.व. को सुरुवातबाटै तिब्र गतिमा अघि बढाईनेछ । २०७२ सालको महाभूकम्पबाट क्षति भएका घरहरुको ८०५ पुनर्निर्माणका कार्य सम्पन्न भएका छन् ।आवश्यकता अनुसारका ठाउँहरुमा काठेपोल बिस्तार गर्दै गाउँपालिका भित्रका सबै क्षेत्रमा विद्युत्त सेवा बिस्तार गरिएको छ। कृषि क्षेत्रलाई बिशेष बजेट ब्यबस्थापन गरि आधुनिकीकरण गर्न ५०% अनुदान मार्फत करिव ३०० वटा मिनी टिलर (हाते ट्राक्टर) बितरण कार्य सम्पन्न गरि आगामी आ.व.मा निरन्तरताका

लागि पहल गरिएको छ । सूचना प्रबिधिको प्रयोग गरि ८०५ प्रशासनिक सेवाहरु आफ्नै वडा कार्यालय बाट सरल र सुलभ तरिकाले लिन सकिने ब्यबस्था मिलाईएको छ । बैरेनी स्वास्थ्य चौकीमा कुरुवा समेतका लागि बस्नेखाने ब्यबस्था सहितको सुत्केरी भवन निर्माण गरि संचालनमा ल्याईएको छ । नियमित सेवा अतिरिक्त सबै वडामा पशु स्वास्थ्य शिविर संचालन गरि सेवा प्रबाह हुदै आईरहेको छ । स्वास्थ्य सेवालाई थप बिस्तार गर्दै लैजाने प्रक्रिया स्वरूप बैरेनी स्वास्थ्य चौकीमा ल्याब सहित ए.बि.बि.एस डाक्टरको ब्यबस्था गरिएको छ ।

बिश्वभर महामारीको रुपमा फैलदै गईरहेको नोवेल कोराना भाईरसका कारण लामो समय बन्दाबन्दि भई बिकास निर्माण कार्य लागयत राजस्व संकलन तथा सेवा प्रबाहमा ठुलो असर परेको र अझै पर्न सक्ने जानकारी सबैमा बिदितैः छ । यस कठिन समयमा गाउँपालिका भित्र हुन सक्ने संक्रमण रोकी बिकास निर्माण लगायत उद्योग धन्दा सुचारु गर्नु गराउनु सिङ्गो गाउँपालिकामा चुनौति बनेको छ । स्वदेश तथा विदेशमा रही रोजगार गर्दै आएका धेरै गल्छी बासीहरुको रोजगार गुम्ने सम्भावना पनि त्यतिकै बढ्दो छ । यस्तो विषम परिस्थितिमा गल्छी गाउँपालिका परिवार आफ्ना जनताको सुरक्षाका लागि हर प्रहर प्रयास गरिरहेको छ । जनाताको जिउ धन सुरक्षा गर्नु हाम्रो प्रमुख दायित्व रहेको छ ।

तथापिः हर तबरले विषम परिस्थितिमा पनि उत्कृष्ट नतिजा सहित बिकासका अनुभूति दिलाउन सहयोग गर्नु हुने सबै पदाधिकारी, राजनीतिज्ञ, समाजसेवी, कर्मचारी, उद्योगी, ब्यबसायी लगायत सम्पूर्णलाई फेरी पनि धन्यबाद् दिन चाहन्छु ।

**सभा सदस्यज्यूहरु,**

नेपाल संबिधानमा ब्यबस्था गरिएका स्थानीय तहका एकल र साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय र प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई अबलम्बन गर्दै अब म यहाँहरु समक्ष गल्छी गाउँपालिकाको आ. व. २०७७।७८ को लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**गल्छी गाउपालिकाले आगामी आ. व. २०७७/७८ को लागि निम्नानुसारका नीति अवलम्वन गर्नेछ ।**

**क) आर्थिक (कृषि, पशु, सहकारी, उद्योग, पर्यटन) विकास नीतिः**

- कृषिको उत्पादन र उत्पादकत्व अभिबृद्धिको लागि कृषि उत्पादन तथा बिक्रीमा अनुदान दिने नीति लिईनेछ ।
- एक घर एक कृषि सहकारी सदस्यको अवधारणा लिईनेछ ।
- कृषि सामग्री, बिउबिजन तथा उपकरणमा अनुदान उपलब्ध गराउने नीति लिईनेछ । यसरी गाउँपालिकाले उपलब्ध गराउने अनुदानमा समूह मार्फत आउने कृषकलाई प्राथमिकता दिईनेछ ।
- व्यवसाय दर्ता अभियान, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण तथा लघु, घरेलु, साना, मझौला उद्यम प्रवर्द्धन जस्ता कार्यक्रमबाट गल्छीको आर्थिक समृद्धिको मार्ग प्रशस्त गरिनेछ ।
- स्थानीयस्तरमा उत्पादन हुने फलफूल खेतीको प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाको वडा नं ७ बाईसकिला माथि डल्टारमा तरकारी, फलफूल र कृषि उपजहरुको संकलन तथा बिक्रि वितरण केन्द्रको स्थापना भईसकेकोले पूर्ण रुपमा संचालनमा ल्याईनेछ ।
- पशु संकलन तथा बिक्रि वितरण केन्द्रको स्थापना गरिनेछ ।
- कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यवसायीक बन्न प्रोत्साहन गरिनेछ ।

- खोर तथा गोठ सुधार कार्यलाई प्राथमिकता दिई घर घरमै जैविक मल उत्पादन तालिमको संचालन गर्दै विषादी र रासायनिक मललाई क्रमशः न्यूनीकरण गरिनेछ । साथै जैविक विषादीलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै क्षेत्रलाई समेट्ने गरि माटो पारिक्षण गरि माटो सुहाउँदो बालि लगाउन प्रोत्साहन गरिनेछ ।
- निश्चीत क्षेत्रहरुमा अर्गानिक (प्राङ्गरीक) खेतिलाई प्रोत्शाहन गरिनेछ ।
- संघ र प्रदेश संगको साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ ।
- पशुपालनका क्षेत्रमा स्थानीय नागरिकलाई सहयोग गर्ने उदेश्यले गाउँपालिकामा आवश्यक संख्यामा ग्रामिण पशुस्वास्थ्य कार्यकर्ता तयार गरिनेछ ।
- पशुपालन गर्ने कृषकलाई निःशुल्क रुपमा पशुको लागि कृत्रिम गर्भाधान प्रक्रिया लाई व्यवस्थित गरिदै लगिने छ ।
- गाउँपालिका भित्र एक ब्यक्ति एक फलफूल विरुवा रोप्ने नीतिलाई अवलम्बन गरिने छ ।
- कृषि उपजवस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धनमा जोड दिइनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरुलाई एकीकृत गरी एकीकृत कार्यक्रम सञ्चालन गर्न गराउन जोड दिइनेछ ।
- धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको पहिचान गरी संरक्षण, संबर्धन र व्यवस्थापन कार्यमा जोड दिइनेछ ।
- उत्कृष्ट उद्यमीलाई पुरस्कृत गरिनेछ ।
- धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गुप्तेश्वरी गुफा, रणकालिका, धर्मद्वार, पाउद्वार, रानीमाला लगायतका क्षेत्रको गुरुयोजना निर्माण गरी नमूना पर्यटकीय क्षेत्रको रुपमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ । साथै पर्यटकीय महत्व बोकेका क्षेत्रहरुमा आवश्यक पर्यटन पूर्वाधार निर्माण गर्ने कार्यमा जोड दिइनेछ ।
- नयाँ पर्यटकीय क्षेत्रको पहिचान तथा उक्त क्षेत्रको विकासको लागि सार्वजनिक र निजी साझेदारीको अवधारणालाई अवलम्वन गरिनेछ ।
- इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक व्यक्ति र घटनासंग जोडिएका स्थल पहिचान गरी सो स्थानमा शिलालेख राखी पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ ।
- प्रदेश तथा संघ संग समन्वय गरी औधोगीक ग्राम निर्माण गरिनेछ ।
- पशु स्वास्थ्य सुधारका लागी गाउँ गाउँमा घुम्ती शिविरहरु सञ्चालन गरिनेछ ।
- कृषिमा रहेको अत्याधिक निर्भरतालाई अन्त्य गर्न तथा स्वरोजगार सृजना गर्नका लागि मोबाईल टिभी हाउस वाईरिंग लगायतका तालिमको ब्यबस्था गरिनेछ ।

**ख) सामाजिक (नोवेल कोरोना संकट ब्यबस्थापन, स्वास्थ्य, आयुर्बेद शिक्षा, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका) विकास नीति :**

- कोरोना सङ्क्रमणबाट हुन सक्ने भयाबह स्थितिलाई मद्यनजर गर्दै नेपाल सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम गाउँपालिकामा थप क्वारेन्टाइन निर्माण गरिनेछ ।
- कोरोनाबाट प्रभावित जनशक्तिलाई युवा स्वरोजगार कार्यक्रम मार्फत परिचालित गरिनेछ ।
- गाउँपालिका कार्यालय, बिषयगत शाखा तथा वडा कार्यालयहरुबाट सेवा प्रबाह गर्दा भौतिक दुरी कायम गरी स्वास्थ्य सम्बन्धि तोकीएको मापदण्डको आधारमा हेल्थ डेक्स प्रयोगमा ल्याईनेछ । साथै उक्त कार्यालयहरुमा हातधुने साबुन, पञ्जा, सेनीटाईजर, थर्मोमिटर गत लगायत स्वास्थ्य तथा सरसफाई उपकरणहरु प्रयोगमा ल्याईनेछ ।

- नोवेल कोरोना भाईरस सङ्क्रमण रोकथामका निमित्त गाउँपालिकाभित्र अग्र पंक्तिमा रही काम गर्ने स्वास्थ्य कर्मी लगायत अन्य कर्मचारीलाई स्वास्थ्य सुरक्षा कवचको ब्यबस्था तथा आवश्यकता अनुसार यस बर्ष पनि प्रोत्साहनका कार्यक्रम अगाडी बडाईनेछ ।
- नोवेल कोरोना भाईरस सङ्क्रमण रोकथामका निमित्त बिशेष कोष ब्यबस्थापन गरि नेपाल सरकार र प्रदेश सरकार संग समन्वय गरि अगाडी बढाईनेछ ।
- कोरोनाबाट बिद्यालयहरुमा प्रवाहित नियमित पठनपाठनलाई वैकल्पिक प्रणाली (टोल शिक्षा, अनलाईन शिक्षा, टि.भी.) मार्फत शिक्षण र सिकाई (अध्यापन) कार्यलाई निरन्तरता दिईनेछ ।
- खानेपानी तथा सरसफाई सुविधाको पूर्ण उपलब्धतालाई पहिलो प्राथमिकतामा राखिनेछ ।
- गाउँपालिका भित्र शिक्षा, स्वास्थ्य जस्ता दैनिक जीवनसँग सम्बन्धित विषयलाई उच्च प्राथमिकता दिइनेछ ।
- गैर सरकारी संस्था र बिकास साझेदारीलाई नियमन गरी कार्यक्षेत्रको दोहोरोपना अन्त्य गरिनेछ ।
- गाउँमा सबैको लागि शिक्षा अभियानलाई पुर्णता दिन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयलाई सहयोग गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सरकारी विद्यालयमा अग्रेजी माध्यमवाट अध्ययनरअध्यापन गर्नेरगराउने कार्यमा जोड दिइनेछ ।
- शिक्षकको अभावका कारण पठनपाठनमा सु संचालन हुन नसकेको र बिद्यालयको आफ्नै श्रोत समेत नभएका बिद्यालयलाई सहयोग गर्न गाउँपालिकाले थप शिक्षक दरबन्दी शृजना गरिनेछ ।
- सबै बिद्यालयमा कक्षा १ देखि ५ सम्मका बिद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम तथा शैक्षिक एवं खेलकूद सामग्री वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयहरुमा प्रभावकारी अध्ययन अध्यापनको लागि प्रोत्साहन प्रणाली कार्यान्वयन गरिनेछ ।
- हाल सञ्चालनमा रहेका विद्यालयहरुमा वालमैत्री र अपाङ्गमैत्री कक्षा कोठा, शैक्षीक सामग्री तथा अन्य पूर्वाधार निर्माण गरिनेछ ।
- शिक्षालाई आधुनिकीकरण गर्न आवश्यकता अनुसार शिक्षकहरुलाई तालिम, गोष्ठी तथा प्रशिक्षणको व्यवस्था गरी शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक शैक्षिक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक बिद्यालय एक नर्स कार्यक्रमलाई थप सुदृढ र ब्यबस्थित गरिनेछ।
- सबै विद्यालयहरुमा कम्तिमा एक वटा कम्प्युटर र प्रिन्टर व्यवस्था गरिनेछ र क्रमशः प्रबिधि मैत्री बनाउदै लगिने छ ।
- उत्कृष्ट विद्यालयलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच सहज बनाउन एम्बुलेन्सको व्यवस्थापन, घुम्ती शिविर लगायत सबैका लागि स्वास्थ्य भन्ने नारालाई व्यवहारमा उतार्नका लागि देहायका कार्यक्रम सञ्चालन गरिनेछ।
  - ☞ बैरेनी स्वास्थ्य चौकीमा एक्स-रे सुबिद्यासहित ल्याब सेवाको ब्यबस्था ।
  - ☞ स्वास्थ्य स्यंमसेविका प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।
  - ☞ ल्याब संचालनका लागि आबश्यक यन्त्र उपकरण खरिद गरिनेछ ।
  - ☞ स्वास्थ्य संस्थाहरुमा क्रमशः चौबिसै घण्टा प्रसुती सेवा सञ्चालन र सुत्केरी सुविधा उपलब्ध गराईनेछ ।
  - ☞ स्वास्थ्य संस्थामा नयाँ कर्मचारी भर्नामा भन्दा भएका कर्मचारीहरुलाई परिचालन गरिनेछ ।

- क्रियाशिल गै.स.स.हरु सँग सहकार्य र समन्वय गरी सामाजिक सद्भाव कायम गर्ने खालका कार्यक्रमहरुलाई विषेश जोड दिइनेछ ।
- गैरसरकारी संघ संस्थाहरुवाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गरि व्यवस्थित बनाइनेछ । गाउँपालिको कार्यालयमा संघसंस्था समन्वय डेस्क सञ्चालन गरिनेछ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र बस्तुपरक गरिनेछ ।
- समुह मार्फत जनचेतनामा अभिबृद्धी, आर्थिक र सामाजिक समृद्धी जस्ता कार्यक्रमहरु सञ्चालन गर्दा महिलाहरुलाई मुख्य स्थान दिई समुह गठन गरिनेछ ।
- खानेपानी तथा सिंचाई व्यवस्थाको लागि लिफ्टिङ्ग तथा सिंचाईका नविनतम् उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिईनेछ । साथै गाउँपालिका भित्रका पुराना पोखरीलाई संरक्षण गर्ने कार्यलाई जोड दिइनेछ ।
- युवाहरुको लागी आवश्यक खेल मैदान तथा खेल सामाग्री सहयोग र खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अपाङ्गमैत्री, जेष्ठ नागरिक मैत्री समाज निर्माण गर्न बिशेष पहल गरिनेछ ।
- बाल बिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिशेष बर्ग र क्षेत्रका जेष्ठ नागरिकका लागी सहयोग सामान वितरण गरिनेछ ।
- गाउँपालिका भित्रका दलितहरुलाई ५०५ छुटमा स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका गरिव घरपरिवारको डाटा संकलन कार्य सम्पन्न गरि परिचय पत्र बितरण गरिनेछ ।
- घुम्ती आयुर्वेद सेवा संचालन गरिनेछ ।
- एकल पुरुषका लागि बिशेष भत्ताको ब्यबस्था गरिनेछ ।
- अपांगता भएका ब्यक्तिहरु मध्ये पहेलो कार्ड प्राप्त गर्ने ब्यक्तिहरुलाई बिशेष भत्ताको ब्यबस्था गरिनेछ ।

### ग) पुर्वाधार विकास नीति

- सबै वडाको वडाकार्यालयहरु र गाउँपालिका कार्यालय निर्माणलाई निरन्तरता दिई ३ र ५ नं. वडा कायार्लय निर्माण संम्पन्न गरिनेछ ।
- आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न गरि थप सेवा प्रदान गरिनेछ ।
- बैरेनी स्वास्थ्य चौकीलाई २५ शैया अस्पतालमा रुपान्तरण गर्ने कार्यलाई अगाडी बढाईनेछ ।
- गाउँपालिका भित्र उपभोक्ता समितिबाट संचालन हुने योजना तथा कार्यक्रममा श्रमदान १०५ प्रतिशत कायम गरिनेछ ।
- सीमित संख्यामा दीगो, वातावरणमैत्री र न्यायपूर्ण पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ ।
- ग्रामिण क्षेत्रको सडक र विद्युतीकरणको माध्यमबाट जनजीबनलाई सहज बनाइनेछ ।
- गल्छी गाउँपालिकाको खेस्टे देखी वेल्खु खोला सम्म पृथ्वी राजमार्गको दायाँ बाया बाँकी सडकमा सोलार बत्ती जडान गरिनेछ ।
- मूल ग्रामिण सडक कम्तिमा नालि बाहेक ८ मिटर को हुन पर्ने नीति को अवलम्वन गरिनेछ । ग्रामिण सडकको बिचबाट कम्तिमा साढे सात मिटर भित्र भौतिक संरचना निर्माण गर्न नपाइने नीति अवलम्बन गरिनेछ ।

- एक वडामा एउटा ग्रामीण सडकलाई प्राथमिकतामा राखि पक्की नालि र ग्राभेल सहितको व्यवस्थित सडक निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र केहि स्थानमा रहेको खानेपानी अभाव लाई मध्यनजर गर्दै लिफ्टिङ, नहर र ड्रिलिङको माध्यमवाट सबै ठाउँमा खानेपानीको सुबिधा पुर्याईनेछ ।
- सबै घरमा पाईप मार्फत खानेपानी पुर्याईनेछ ।
- गल्छी गाउँपालिका वडा नं. ८ जैसिकालमा गाउँपालिका स्तरीय १ खेल मैदान तयार गरिनेछ ।
- कृषिमा आधारित गाउँपालिका भएकोले कम्तीमा १ शित भण्डार र १ विक्रीकेन्द्रको स्थापना गरिनेछ ।
- ग्रामिण विद्युतिकरणलाई थप व्यवस्थित गरिनेछ ।
- ग्रामिण सडकको लगत कट्टा गर्ने कार्यलाई जोड दिईनेछ । सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्यन गरिनेछ ।
- यस गाउँपालिकाको आवश्कता अनुरुप खानेपानि र यातायात गुरुयोजना तयार गरी सो अनुरुप मात्र पुर्वाधार निर्माण गरिनेछ ।
- बिद्युतका काठे पोलहरुलाई विस्थापन गर्ने कार्यमा जोड दिईनेछ र केन्द्रीय सामुदायिक विद्युतिकरण कार्यक्रम मार्फत सञ्चालन हुने सामुदायिक बिद्युतिकरणका लागि गाउँपालिकाले उपभोक्ता समितिसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउने छ ।
- भू–उपयोगलाई व्यवस्थित तुल्याउन भू–उपयोग नीति तयार गरी लागु गरिनेछ घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्बनमा ध्यान दिईनेछ ।
- शहरीक्षेत्रमा प्रतिक्षालयको व्यवस्था र सार्वजनिक शौचालय निर्माण गरी यसको व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी समुदायमा हस्तान्तरण गरिनेछ ।
- स्वास्थ्यचौकीमा रहेको सुत्केरी भवनको स्तरोन्नतीमा जोडदिईने छ ।
- गाउँपालिकामा बन्ने पक्की घर नक्सा पास गरी मापदण्ड अनुरुपको निर्माणमा जोड दिईनेछ ।
- दलांग खानेपानि संचालनका लागि जग्गा प्राप्ति कार्य अगाडी बढाईनेछ । साथै बिकास साझेदारी संस्था पुर्णिमा प्रोजेक्टबाट आ.व. ०७७र७८ मै खानेपानी योजना निर्माण सम्पन्न गरि संचालनमा ल्याईनेछ ।

## घ) वातावरण तथा विपद् व्यवस्थापन नीति

- विपद् सिकाई केन्द्रहरुको स्थापना, सवलीकरण र सञ्चालनमा जोड दिइनेछ ।
- फोहोरलाई मोहरमा परिणत गर्ने गरी फोहोरमैला व्यवस्थापन गरिनेछ । साथै ल्यान्डफिल्ड साइडको निर्माण कार्य नयाँ सहर आयोजना मार्फत अगाडी बढइनेछ ।
- खानी उत्खनन कार्यलाई दीगो, वातावरणमैत्री, वैज्ञानिक र व्यवस्थित वनाइनेछ ।
- प्राकृतिक विपद्ले निम्त्याएका जोखिमलाई न्यूनीकरण गर्दै विपद्लाई अबसरमा परिणत गरिनेछ ।
- वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्यवन गरिनेछ ।
- बन क्षेत्र संरक्षणको लागि वृक्षारोण, संरक्षण, सम्बर्धन र व्यवस्थापनका लागि सामुदायिक र कबुलियति बन उपभोक्ता समूहहरुलाई सक्रिय बनाउने कार्य सञ्चालन गरिनेछ ।
- ईन्धनको बन क्षेत्रमा पर्ने चाप कम गर्न बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ ।
- सडक निर्माण गर्दा दुबै तर्फ वृक्षारोपण साथै बहुउपयोगी घाँस खेतीका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ ।
- वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तीका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- गाउँक्षेत्र भित्रका बिद्यालय तथा क्याम्पसहरु, सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- भूकम्प पछिको पुननिर्माणको कार्य आ.व. ०७७/७८ मा सक्ने गरि पुन:निर्माण कार्य अघि बढाईनेछ ।
- जलबायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय गै. स. स. तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरी स्थानिय जलवायू परिवर्तन अनुकूल कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- स्वास्थ्य र सफा मासु आपुर्तीको लागी उपयुक्त स्थानको पहिचान गरी निजी वा सार्वजनिक वा निजी सार्वजनिक वधशाला सञ्चालन कार्य प्रारम्भ गरिनेछ ।
- गाउँपालिका भित्र नदी कटान, पहिरो ,गल्छी नियन्त्रण गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ । साथै नर्सरीकेन्द्रको स्थापना गरिनेछ ।
- गाउँपालिकाका शहरी क्षेत्रमा सृजना हुने फोहोरलाई व्यवस्थापन गर्नका लागि घरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याउने कार्यलाई नागरिक सचेतना मार्फत व्यवस्थित व्यस्थापन गरिनेछ साथै नकुहिने फोहोरलाई पुन : प्रयोगमा ल्याउन पुनः प्रशोधन केन्द्र (Re use center) को स्थापना गरिनेछ।
- प्राकृतिक रुपमा बग्दै आएका खोलानालालाई पुर्ववत रुपमा लैजाने र नदि नियन्त्रण कार्यमा जोड दिईने छ ।
- स्थानिय स्तरमा सञ्चालन भई प्रदुषण गरिरहेको उद्योगहरुलाई स्थानीय सेवा सुबिधा बन्चित गरी बन्द गराउने नीति लिईनेछ ।
- गाउँपालिका भित्र संञ्चालन गरिने बालुवा ढुंगा र अन्य खानिजजन्य उद्योगहरुलाई स्थानीय बस्ती, बन जंगल र सार्वजनिक स्थलहरुलाई असर नपर्ने गरी सञ्चालन अनुमती प्रदान गरिनेछ ।

### ङ) संस्थागत विकास तथा सेवा प्रवाह नीति

- नागरिक पहिलो (Citizen first) को अवधारणा पूर्णतः अवलम्बन गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माणको लागि स्रोत अभिवृद्धि गर्न करको दायरा बढाइनेछ ।
- सेवाग्राही सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । साथै नागरिक सहायता कक्ष स्थापना गरिनेछ ।
- संस्थागत विकास तथा सेवा प्रवाहमा सुधार गरिनेछ ।
- ऐन नियम तथा कार्यविधि एवम् मापदण्ड तर्जुमा गरी कानुनी संरचना तयार गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत बितरणको व्यवस्थाका लागि ठोस निर्णय लिई सहजकताका साथ बितरण व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानिय नागरीकहरुलाई सहज तवरले जानकारी पुर्याउन सबै खालको सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।
- गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी बित्तिय जोखिमलाई न्यूनिकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितिलाई सक्रिय तुल्याईने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका प्रशासनिक सुधारका लागी आवश्यक अनलाईन प्रणालीको विकास भईसकेकोमा आगामी दिनमा पूर्ण अनलाईन मार्फत सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायीहरुलाई आफ्नो व्यवसाय प्रति उतरदायी बनाउन करको दायरामा ल्याईनेछ ।
- सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगती समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदी कार्यक्रमहरुलाई बढावा दिइने छ ।

- गाउँपालिकाका वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु थालनी गरिनेछ ।
- गल्छी गाउँकार्यपालिकाको कार्यालयमा नागरिकलाई सरल र सहज रुपमा प्रवाह गर्नका लागि सोधपुछ कक्षको स्थापना गरिनेछ ।
- गाउँपालिका भित्र रहेको संघ संस्थाले संस्थागत विकासका लागी नियमावाली तयार गरी गाउँपालिकाबाट स्वीकृत लिई सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- कर्मचारीको व्यवस्थापनका लागी गल्छी गाउँपालिकाको कर्मचारी नियमावली तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## च) वित्तिय व्यवस्थापन तथा सुशासन नीति

- राजस्व सुधार योजना, डीजीटल प्रोफाईल तथा आवधिक बिकास योजना निर्माण गरिनेछ ।
- योजना संचालनका लागि उपभोक्ता समिति गठन, परिचालन, अनुगमन तथा फरफारक गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई पूर्ण कार्यान्वयन गरि गाउँपालिकाको बित्तिय जोखिम न्यूनीकरणका लागी प्रत्येक योजनाको स्थलगत अनुगमन पश्चात मात्र रकम भुक्तानीको व्यवस्था मिलाईएको छ । सो लाई निरन्तरता दिईनेछ ।
- नागरिक तहका संघ संस्था सम्मनै पारदर्शिता, उत्तरदायित्व र खुलापन स्थापित गरिनेछ ।
- कृषि सहकारी मार्फत उत्पादन र बिक्रीमा अनुदान कार्यक्रमका लागि डाटा सङ्कलन तथा एकिकृत रिपोर्ट सफ्टवेयर निर्माण गरि संचालन गरिनेछ ।
- विकास निर्माणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागिता मूलक बनाइनेछ ।
- हाल सम्म फछ्यौट नभएको, म्याद नाघेको पेश्की फछ्यौट कार्यमा प्रभावकारी पहल गरी पेश्की सुन्य गरिनेछ साथै गाउँपालिकामा लामो समयदेखि बुझाउनु पर्ने बक्यौता रकम नबुझाई अटेर गर्ने व्यक्ती फर्म संघ संस्थालाई अन्तिम पटकका लागि सार्बजनिक सूचनाका माध्यमबाट तत्काल बुझाउन आग्रह गरिनेछ यसरी अझै अटेर गरेमा अटेर गने व्यक्ती फर्म संघ संस्थाको नामावली कार्यालयको मूलद्धारमा फेलेक्स व्यानर बनाई प्रचार प्रसार गरिनेछ । साथै अन्य सेवा सुविधाबाट बञ्चित गराइनेछ ।
- हरेक महत्वपुर्ण सन्देश र सूचनाहरु कार्यालयको वेवसाईट, फेसबुक पेज र स्थानीय एफ.एम. रेडियो मार्फत सबै गतिविधिहरु नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिनेछ ।
- गाउँपालिकाका सबै कर्मचारीहरुलाई प्रबिधि मैत्री बनाउन सूचना तथा प्रबिधि शाखा मार्फत आबश्यक तालिम तथा अनुसीक्षणको ब्यबस्था गरिनेछ ।
- सडक सुरक्षाका लागि हालसम्म प्रयोगमा ल्याईएका सुचना प्रबिधि औजारहरुको तत्काल मर्मत गरि थप ब्यबस्थित बनाईनेछ ।
- लेखा व्यवस्थापनका लागि लेखा सफ्टवेयर, योजना ब्यबस्थापनका लागि योजना ब्यबस्थापन सफ्टवेयर प्रणाली प्रयोगमा ल्याई सकीएकोमा अबश्यकता अनुसार सूचना प्रबिधिको प्रबाभकारी प्रयोग गरि थप सफ्टवेयर प्रणालीको बिकास गर्दै लगिनेछ । साथै बित्तिय अनुशासनलाई प्रभावकारी रुपामा कायम गरिनेछ।
- प्रशासनिक सुधार अन्तर्गत सबै वडा र स्वास्थ्य संस्थामा ई-हाजिरीको ब्यबस्था गरि पूर्ण रुपमा संचालनमा ल्याईनेछ ।

**सभाका सदस्यज्यूहरू,**

माथि उल्लेखित नीतिहरुको कार्यान्वयनबाट आगामी आर्थिक बर्षमा देहाय बमोजिमको उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ ।

- कोरोना रोकथाम र विपद् ब्यबस्थापनलाई बिशेष कोष बनाईने ।
- बैरेनी स्वास्थ्य चौकी लाई २५ शैयाको अस्पतालमा रुपान्तरण गर्न पूर्वाधार निर्माण कार्य अगाडी बढाउने ।

- सबै वडा कार्यलय र स्वास्थ्य सेवा ईकाई सम्म पुग्ने सडकहरु मर्मत, नाला कल्भर्ट गरि सर्वयाम सडकको निर्माण गर्ने ।
- सबै नागरिकहरुलाई खानेपानीको सुविधा पुर्याउने ।
- काठेपोल हटाई सुरक्षित फलामे पोलको ब्यबस्था गरि उज्यालो युक्त गल्छी बनाउने ।
- सबै सामुदायिक बिद्यालयमा कक्षा १ देखि ५ सम्म दिवा खाजा संचालन गर्ने ।
- कृषि ऐन निर्माण गरि कृषि सहाकारी मार्फत कृषि औजार, कृषि सामग्री आपूर्ति तथा बिक्रिको ब्यबस्था मिलाउने ।
- एक घर एक कृषि सहकारी सदस्यको अबधारणालाई पूर्ण रुपमा कार्यान्यवनमा ल्याई कृषकको जिबनस्तरमा आमुल परिबर्तन ल्याउने ।

**गाउँ सभाका सदस्यज्युहरु,**

नोवेल कोराना (कोभिड-१९) कारण उत्पन्न असहज तथा महामारीको अवस्थामा पनि गाउबासीको चाहना र आवश्यकताको सम्बोधनलाई उच्च प्राथमिकता दिई निर्माण गरिएको क्षेत्रगत नीति तथा आधार अनुरुपमा बजेट निर्माण र प्रभावकारी कार्यान्वयन मार्फत विकासका लक्ष हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै नीति तथा कार्यक्रम तर्जुमामा सहयोग प्रदान गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्युहरु, वडा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउपालिकाका शाखा प्रमुखहरु सहित सम्पूर्ण कर्मचारीहरु, वडा सचिव लगायत वडा कार्यालयका कर्मचारीहरु, अन्य सरकारी कार्यालयका कर्मचारीहरु, शिक्षक, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी, तथा समस्त गाउँवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै नीति तथा कार्यक्रमहरुको प्रबाभकारी कार्यान्वयमा सबै सरोकारवालाको सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

# गल्छी गाउँपालिका उपाध्यक्ष श्री राधा तिमल्सिना (लामिछाने) द्वारा प्रस्तुत आ.व.२०७७/०७८ को बार्षिक बजेट वक्तब्य

**गाउँसभाका अध्यक्षज्यूहरु,**

नेपालको संविधानले गरेको संघिय व्यवस्था अनुरुप आज गल्छी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभा समक्ष आ.व. ०७७/०७८ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएकी छु ।

सर्वप्रथमतः यो देश र जनतालाई स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न बनाउन विभिन्न कालखण्डमा गरिएका ऐतिहासिक संघर्ष तथा आन्दोलनमा शहादत प्राप्त गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै गल्छी गाउँपालिकामा न्यायपूर्ण समाज निर्माण र समृद्वीको मार्गमा एकताबद्द रहेका सम्पूर्ण गल्छी बासी र गल्छीका आदरणीय अग्रज राजनीतिक नेतृत्व प्रति उच्च सम्मान गर्न चाहन्छु ।

यसै सन्दर्भमा सडक दुर्घटनामा परि उपचार्थ यस सभाका सदस्य एबम् गल्छी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष श्री पूर्ण प्रसाद खतिवडाज्यूको सिघ्र स्वास्थलाभको कामना समेत गर्न चाहन्छु ।

यस गल्छी गाउँकार्यपालिकाले संघीय सरकार र प्रदेश सरकार संग नेपाल को संबिधान अनुसार सहअस्तित्व, समन्वय र सहकार्यमा रही समृद्द गल्छी गाउँपालिका  निर्माणका लागि दीर्घकालीन सोचका साथ अगाडी बढि रहेको जानकारी गराउन चाहन्छु । ३०,०३२ जनसंख्या रहेको यस गाउँपालिका १२९.०८ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएर रहेको छ । प्रति वर्ग कि.मी. २१६ जनघनत्व रहेको यस गाउपालिकामा ऐतिहासिक रानीमाला, रणकालिका मन्दिर, गुप्तेश्वर गुफा, महाभारत लेक भूमिचुली, पापद्धार, धर्मद्धार लगायतका स्थान र कल्लेरीटार, फोर्सेटार, डल्टार, भल्टार, खन्टार लगायतका अधिकांश क्षेत्रहरु कृषि, व्यापार र पर्यटनमा प्रचुर सम्भावना बोकेका छन् ।

यस गाउपालिकामा विशेष गरी हिन्दू र वौद्ध धर्मावालम्वीहरुको बसोबास रहनुका साथै व्राह्मण, क्षेत्री र तामाङ्ग जातिको वाहुल्यता रहेको छ । यहाँका नागरिकहरुले कृषि, पशुपालन र व्यापारलाई मुख्य पेशाको रुपमा ऐतिहासिक काल देखी नै अंगाल्दै आएका छन् । काठमाडौं उपत्यकावाट नजिक रहेकोले यस गाउँपालिकाको आर्थिक सामाजिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव परेको छ । यहाँ उत्पादन हुने कृषिजन्य तथा पशुजन्य उपजहरु सोही बजार क्षेत्रमा वढी खपत र विक्री हुने गरेको छ । भौगोलिक रुपमा मध्यम स्तरीय पहाडी धरातल रहेको यस क्षेत्रमा मानव वसोबास र पर्यटन व्यवसायको लागि अति उपयुक्त स्थानहरु रहेका छन् । यस गाउँपालिकालाई एक सक्षम गाउपालिकाको रुपमा स्थापना गर्ने चुनौति समग्र गाउँवासी तथा सरकारी र गैरसरकारी निकायहरुको काँधमा आई परेको छ । यहाँ भएका सम्भावनाहरुलाई अवसरमा परिणत गर्न र यहाँ रहेका समस्याहरुको न्यूनीकरण गर्ने क्रममा योजनावद्ध तरिकावाट लाग्नु पर्ने आवश्यकता रहेको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

बिश्वभर महामारीको रुपमा फैलदै गईरहेको नोवेल कोराना (कोभिड-१९) भाईरसका कारण लामो समय बन्दाबन्दि भई बिकास निर्माण कार्य लागयत राजस्व संकलन तथा सेवा प्रबाहमा ठुलो असर परेको र अझै बढ्न सक्ने जानकारी सबैमा बिदितैः छ । कठिन समयमा गाउँपालिका भित्र हुन सक्ने संक्रमण रोकी बिकास निर्माण लगायत उद्योग धन्दा, रोजगारीको अवसर निर्माण गर्नु पर्ने चुनौति गाउँपालिकालाई छदै छ । स्वदेश तथा विदेशमा रही रोजगार गर्दै आएका धेरै गल्छी बासीहरुको रोजगार गुम्ने र सो जनशक्तिलाई उचित ब्यबस्थापन गर्नु पर्ने अबस्था छिटै आउँदैछ । यस्तो विषम परिस्थितिमा गल्छी गाउँपालिका परि वार आफ्ना जनताको सुरक्षाका लागि हर प्रहर प्रयास गरिरहेको छ र गर्नेनै छ । जनाताको जिउ धन सुरक्षामा गाउँपालिका

परिवार पूर्ण लागिपर्ने कुरा यस सम्मानननीय सभा मार्फत सबै गल्छी बासिलाई विश्वस्त दिलाउन चाहन्छु । लामो समयदेखिको विषम परिस्थितिले गर्दा चालु आ.व. मा सोचेको जस्तो उपलब्धि हाँसिल गर्न नसके पनि गल्छी बासिले केहि उदारणीय, न्यायो चित उपलब्धि पक्कै महशुस गर्न पायका छन् । यसै क्रममा अव म चालु आ.व. ०७६र७७ को कार्यक्रममा समावेश भएका केहि मुख्य उपलब्धि प्रस्तुत गर्न चाहन्छु ।

- गाउँपालिका भित्रका सबै नागरिकहरुले आफ्नो आफ्नो वडामा संचालित स्वास्थ्य चौकी वा स्वास्थ्य सेवा ईकाईबाट सेवा लिन सक्ने ब्यबस्था मिलाईएको छ ।
- बढीमा १० मिनेटको समयमा गाउँ टोल बाट सडकसम्म पुग्ने ब्यबस्था मिलाईएको छ ।
- केहि ठुला निर्माणधिन खानेपानि योजना बाहेक सबै क्षेत्रमा सुलभ तरिकाले खानेपानिको ब्यबस्था मिलाईसकिएको छ ।
- २०७२ सालको महाभूकम्पबाट क्षति भएका घरहरुको ८०५ पुनर्निर्माणका कार्य सम्पन्न भएका छन् ।
- आवश्यकता अनुसारका ठाउँहरुमा काठेपोल बिस्तार गर्दै गाउँपालिका भित्रका सबै क्षेत्रमा विद्युत्त सेवा बिस्तार गरिएको छ।
- कृषि क्षेत्रलाई बिशेष बजेट ब्यबस्थापन गरि आधुनिकीकरण गर्न ५०५ अनुदान मार्फत करिव ३०० वटा मिनी टिलर (हाते ट्राक्टर) बितरण कार्य सम्पन्न गरि आगामी आ.व.मा निरन्तरताका लागि पहल गरिएको छ ।
- सूचना प्रबिधिको प्रयोग गरि ८०५ प्रशासनिक सेवाहरु आफ्नै वडा कार्यालय बाट सरल र सुलभ तरिकाले लिन सकिने ब्यबस्था मिलाईएको छ ।
- बैरेनी स्वास्थ्य चौकीमा कुरुवा समेतका लागि बस्नेखाने ब्यबस्था सहितको सुत्केरी भवन निर्माण गरि संचालनमा ल्याईएको छ ।
- नियमित सेवा अतिरिक्त सबै वडामा पशु स्वास्थ्य शिविर संचालन गरि सेवा प्रबाह हुदै आईरहेको छ ।
- स्वास्थ्य सेवालाई थप बिस्तार गर्दै लैजाने प्रक्रिया स्वरुप बैरेनी स्वास्थ्य चौकीमा ल्याब सहित ए.बि.बि.एस डाक्टर को ब्यबस्था गरिएको छ ।
- समपुरक कोषमा आवश्यक बजेटको प्रबन्ध गरि प्रदेश सरकार र संघीय सरकारको समपुरक अनुदान बाट आठै वडाका वडा कार्यालय सम्म पुग्ने गरि ग्रामिण सडक निर्माण कार्य सम्पन्न भएको छ ।
- टुक्रे खानेपानी योजनाको लागि करिब १५ लाख बजेट बराबरको खानेपानी पाईप खरिद गरि लागत अनुमान र वडा कार्यालयको सिफारिसका आधारमा माग बमोजिम खानेपानी पाईप वितरण गरिएको छ ।
- सडक दुर्घटना, मातृशिशुको जिउ ज्यानको सम्रक्षणका लागि गाउँपालिकाको तर्फ बाट बैरेनी हे.पो मार्फत सहुलिएत दरमा एम्बुलेन्स सेवा संचालनमा ल्याईएको छ ।
- सेवा प्रबाहलाई प्रभावकारी बनाउन प्रत्येक वडाका बस्तिमा अध्यक्ष ज्युको नेतृत्व र वडा अध्यक्षज्युको संयोजनमा एकिकृत सेवा जस्तै स्वास्थ्य शिविर, अपाङ्ग जेष्ठ नागरिक परिचय पत्र वितरण कार्य सबै वडामा सम्पन्न गरिएको छ ।
- गल्छी गाउँपालिकाको सबै क्रियाकलाप सामाजिक संजाल मार्फत जानकारी गराउने उदेश्यले वेभसाईट, मोबाईल एप्लीकेशन, डिजीटल बोर्ड जस्ता सूचना प्रबिधिको प्रयोग गरिएको छु ।
- सहरी आयोजना बाट सडक बत्तिको व्यवस्था नभएका ठाउँहरुमा थप १५ वटा सडक सोलार बत्ति जडान कार्य सम्पन्न भएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

यसै क्रममा अव म आगामी आर्थिक वर्ष ०७७/०७८ को बजेटका उद्देश्य तथा प्राथामिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी वजेट निम्न उद्देश्य प्राप्तिमा केन्द्रित रहेको व्यहोरा यस सभा समक्ष अनुरोध गरेकी छु ।

- कोरोना रोकथाम र विपद् ब्यबस्थापनलाई बिशेष कोषको प्रबन्ध गर्ने ।
- कोरोनाबाट प्रभावित जनशक्तिलाई युवा स्वरोजगार कार्यक्रम मार्फत परिचालित गर्ने ।
- बैरेनी स्वास्थ्य चौकी लाई २५ शैयाको अस्पतालमा रुपान्तरण गर्न पूर्वाधार निर्माण कार्य अगाडी बढाउने ।
- सबै वडा कार्यलय र स्वास्थ्य सेवा ईकाई सम्म पुग्ने सडकहरु मर्मत, नाला कल्भर्ट गरि सर्वयाम सडकको निर्माण गर्ने ।
- सबै नागरिकहरुलाई खानेपानीको सुविधा पुर्याउने ।
- काठेपोल हटाई सुरक्षित फलामे पोलको ब्यबस्था गरि उज्यालो युक्त गल्छी बनाउने ।
- फोहोर ब्यबस्थापनका लागि ल्याण्डफिल्ड साईट निर्माण कार्य सम्पन्न गरि वातावरण मैत्री र पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउने ।
- सबै सामुदायिक बिद्यालयमा कक्षा १ देखि ५ सम्म दिवा खाजा संचालन निरन्तरता दिने ।
- एक घर एक कृषि सहकारी सदस्यको अबधारणालाई पूर्ण रुपमा कार्यान्यवनमा ल्याई कृषकको जिबनस्तरमा आमुल परिबर्तन ल्याउने ।

**आगामी आर्थिक वर्ष ०७६/०७७ को बजेटका प्राथमिकीकरण गर्दा निम्न आधारहरु लिईएको व्यहोरा यस सम्मानित सभा समक्ष निवेदन गर्दछु ।**

- विपद् ब्यबस्थापनमा योगदान पुर्याउने
- उत्पादनमूलक र छिटो प्रतिफल दिने
- आर्थिक विकासमा योगदान पुर्याउने
- राजस्व परिचालनमा योगदान पुर्याउने
- संस्थागत बिकास र सुशासनमाअ योगदान पुर्याउने

**आदरणीय सभाध्यक्षज्यू,**

- आर्थिक बिकास तर्फ कृषि अन्तरगतका विभिन्न कार्यक्रम संचालन गर्न रु ९२ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।
- पशु सेवा तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ६० लाख २० हजार रकम विनियोजन गरेकी छु ।
- सहकारी तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ९ लाख १० हजार रकम विनियोजन गरेकी छु ।
- उद्योग तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु २३ लाख १० हजार रकम विनियोजन गरेकी छु ।
- सामाजिक बिकास तर्फ स्वास्थ्य अन्तरगत विभिन्न कार्यक्रम संचालन गर्न रु १ करोड ५५ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।
- शिक्षा तर्फ विभिन्न कार्यक्रम संचालन गर्न रु १ करोड १८ लाख १२ हजार रकम विनियोजन गरेकी छु ।
- महिला तथा बालबालिका तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ६० लाख ६० हजार विनियोजन गरेकी छु ।
- आयुर्वेद तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु १२ लाख ७० हजार रकम विनियोजन गरेकी छु ।
- पुर्वाधार बिकास तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ११ करोड ९० लाख रकम विनियोजन गरेकी छु।

- वित्तीय ब्यबस्थापन तथा सुशासन तर्फको विभिन्न कार्यक्रम संचालन गर्न रु ४६ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।
- विपद् ब्यबस्थापन बातावरण बिकास तर्फ वातावरण र सरसफाई अन्तरर्गत विभिन्न कार्यक्रम संचालन गर्न रु २२ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।
